बौद्ध मासिक

# धर्म चक्षु

वर्ष ११ अंक ३ पूर्णाङ्क ५९ श्रावण/ भदौ २०६५ बुद्ध सम्वत् २५५२ ने.सं. ११२८ July /Aug 2008




पोखरा-१ स्थित सुखवती बौद्ध गुम्बाको बुद्ध मूर्ति

# DHARMA CHAKSHU

मूल्य रू. २०/-

धर्मचक्र प्रवर्तन दिवसको

पूनीत उपलक्ष्यमा

**२०६९ साल श्रावण ३ गते पोखरामा**

**आयोजित**

**२५ औं पोखरा उपत्यका व्यापी बुद्ध पूजाको**

**यस अवसरमा**

**शान्ति नायक भगवान गौतम बुद्धको देश नेपालबाट**

**हत्या, हिंसा, अपहरण जस्ता हिंसात्मक गतिविधि**

**सधैका लागि अन्त होस भन्ने कामना गरी**

देश भित्र र बाहिरका सम्पूर्ण नेपालीहरुको

सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यको

हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

आयोजक

**सुखवती बौद्ध गुम्बा**

सुखवतीघाट, पोखरा-१

बौद्ध मासिक

# धर्म चक्षु

THE DHARMA CHAKSHU Buddhist Monthly – Pokhara, Nepal

धर्मशीला बुद्ध विहार, धर्मशीला मार्ग, नदीपुर, पोखरा फोन: ५२०५१७

वर्ष - ११ अङ्क ३, पूर्णाङ्क - ५९ साउन/भदौ-२०६५

बुद्ध संवत-२५५२ ने.सं. ११२८ / July /august: 2008

**प्रधान सम्पादक**

भिक्षु श्रद्धानन्द- ५२०५१७

**प्रकाशक**

ज्ञानमाला संघ

**व्यवस्थापक**

अनागारिका कर्मशीला

(संस्थापिका, धर्मशीला विद्दत वृत्ति)

**सह व्यवस्थापक**

युवा बौद्ध संघ

*(विकाशरत्न शाक्य, चेतन सिं ताड्वे, बलराम लामा)*

**काठमाडौं प्रतिनिधि**

सविता धाख्वा शाक्य

**सहयोगीहरु**

याम कुमारी गुरुङ्ग, बलबहादुर अधिकारी, सनकमान सी.के.

**सम्पर्क कार्यालय**

सम्पादक : तिलकमान गुभाजू

१४४ - नयाँ बजार, पोखरा - ८

फोनः- ५२०२४६

**मुद्रण**

हिमालय अफ्सेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. :०६१-५२०६५१

## विषय सूची

- सम्पादकीय....................२
- त्रिपिटक र अभिधम्म
  - भिक्षु सुशील ....................३
- बुद्धोपासक चित्तधरको कवितामा बौद्धदर्शन
  - रीना तुलाधर (बानिया), परियत्ति सद्धम्म कोविद ....७
- बुद्ध, अहिंसा र समकालीन नेपाल
  - तिलक पराजुली....................११
- बुद्ध र बौद्ध दर्शन बारे मेरो विचार
  - नगेन्द्र शर्मा....................१३
- हिन्दु र बौद्ध तन्त्रबीचको भिन्नता
  - आचार्य महायोगी श्रीधर राणा रिन्पोछे............१७
- सुखवती बौद्ध गुम्बा एक परिचय
  - टेक बहादुर गुरुङ....................१९
- पोखरा उपत्यका व्यापी बुद्ध पूजा कसले कहिले आयोजना गऱ्यो ?....................२३
- "संविधान सभामा बौद्ध प्रस्ताव" गोष्ठीको प्रतिवेदन
  - प्रदीप बज्राचार्य....................२५
- शान्ति स्तम्भ....................२९

धर्मचक्षुको यो पोखरा-१ स्थित सुखवती बौद्ध गुम्बाद्धारा प्रायोजन गरिएको हो ।

-सम्पादक

सम्पादकीय

# २५ औं पोखरा उपत्यका व्यापी बुद्ध पूजा

आज २५ औं पोखरा उपत्यका व्यापी बुद्ध पूजा हो। पोखरा उपत्यकाव्यापी बुद्ध पूजा प्रत्यक वर्ष एकएक विहार र गुम्बाले आयोजना गर्ने क्रममा यस पटक पोखरा-१ स्थित श्री सुखवती बौद्ध गुम्बाले आयोजना गर्दैछ। पहिलो पटक श्री सुखवती बौद्ध गुम्बाले आयोजना गर्न गैरहेको यो पूजाको पूर्ण सफलताको लागि हामी हार्दिक शुभ कामना व्यक्त गर्दछौ।

आज आषाढ पूर्णिमा बुद्ध धर्मको दृष्टिले ज्यादै महत्वपूर्ण दिवस हो। भगवान बुद्धले भारतको सारनाथमा गएर पहिलो पटक आजकै दिनमा पाँचजना भिक्षुहरुलाई देशनागरी आफ्नो धर्म प्रवर्तन गर्नुभएको हो। पहिलो पटक धर्म प्रवर्तन गर्नु भएको दिवस भएकोले यस दिवसलाई "धर्मचक्र प्रवर्तन दिवस" भनिएको हो। ती पञ्चवर्गीय परिप्राजकहरु कौडिन्य, महानाम, भद्दीय, अधजीत, बप्प बुद्धधर्ममा दीक्षित गरी भगवान बुद्धले पहिलो पटक गुरुत्व प्राप्त गर्नु भएको वा स्वीकार्नु भएकोले यस दिनलाई गूरु पूर्णमा भन्ने चलन पनि छ।

बौद्ध शास्त्र अनुसार बोधिसत्व सिद्धार्थ गौतमले यस संसारमा जन्मलिने संकल्प गरेर आषाढ पूर्णिमाको स्वच्छ र स्निग्ध रातमा कपिलवस्तुको शाक्य राजा शुद्धोधनकी रानी महामायादेवीको कोखमा प्रवेश गर्नुभएको थियो। त्यसको प्रतीक स्वरुप महामाया देवीले सर्वाङ्ग सेतो हात्तीले आफूलाई तीन पटक परिक्रमा गरी दाहिने काखीबाट शरीरमा प्रवेश गरेको सपनादेख्नु भएको थियो। त्यस्तै सिद्धार्थ गौतमले २९ वर्ष सम्म गृहस्थ जीवन यापन गरेपछि संसारको दुख, कष्ट हटाउने अभिप्रायले आषाढ पूर्णिमाकै दिनमा घरबार र देश छोडेर जानु भएको थियो। जसलाई बौद्धहरु "महाभिनिस्क्रमण" भन्दछन। आफू बुद्ध भएपछि उहाले आफ्नी दिवंगत आमालाई संझनु भयो। आफ्नी आमा कहा र कुन अवस्थामा हुनुहुन्छ भनेर दिव्य चक्षुले हेर्दा त्रयोत्रिंश भुवनमा उहाले आमालाई देख्नुभयो। उहाले त्रयोत्रिंश भुवनमा पुगेर आमाको उद्धारका लागि धर्म देशना गर्नुभयो। यस घटनालाई बौद्ध शास्त्रमा "यमक प्रतिहार्य" भनेर वर्णन गरिएको छ। त्यस्तै आषाढ पूर्णिमाकै दिनदेखि भिक्षुहरुको "वर्षावास" प्रारम्भ हुन्छ। वर्षावासमा भिक्षुहरु एउटै विहारमा तीन महिना बस्नुहुन्छ। दिनहु भिक्षुहरु यताउता गर्दा गृहस्थीहरुको काममा बाधा पुग्ने कुराको ख्याल राखेर तथा भिक्षुहरुको अरु अध्ययन र ध्यान भावनाको अभिवृद्धि होस भनेर पनि वर्षावासको व्यवस्था गरिएको हो।

आषाढ पूर्णिमामा यस्ता महत्वपूर्ण संयोगहरु परेकाले यस दिवसको उपलक्ष्यमा केही न केही समारोह/पूजा आदिको आयोजना गर्नु बुद्ध धर्मको प्रचार-प्रसारको दृष्टिले पनि उपयुक्त हुने सोचेर धर्मशीला बुद्ध विहारकी संस्थापिका अनागारिका धर्मशीला र जापानको निप्पोन जान म्याहोजीका भिक्षु मोरियोका सोनीले पोखरामा उपत्यका व्यापी बुद्ध पूजाको आयोजना गर्ने परिकल्पना गर्नु भएको हो। २०४१ मा बसेको बौद्धहरुको एक बैठकले उहाहरुको परिकल्पना र प्रस्ताव ज्यादै उपयुक्त संझेर प्रत्येक वर्ष धर्मचक्र प्रवर्तन दिवसका दिन पालै पालो एक-एक विहार र गुम्बाले आयोजना गर्ने गरेर निर्णय गरिएको हो। सो निर्णय अनुसार निरन्तर २५ वर्ष यो पूजा चलिआएको छ। त्यही क्रम अनुसार पहिलो पटक श्री सुखवती बौद्ध गुम्बाले २५ औं पोखरा उपत्यका व्यापी बुद्ध पूजाको आयोजना गर्दैछ। त्यसैले पनि यसको महत्व अरु बढेको प्रतित भएको छ।

यो २५ औं पोखरा उपत्यव्यापी बुद्ध पूजाको अवसरमा हामी यसको परिकल्पनाका र दिवंगत अनागारिका धर्मशीला गुरुमा र निप्पोन जान म्याहोजीको भिक्षु मोरियोका सोनीको योगदानको उच्च मूल्यांकन गर्दै प्रशंसा गर्न चाहान्छौ। साथै हामी दिवंगत गुरुमा प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं र भिक्षु मोरियोका सोनीको सुख, सुस्वास्थ्य र दीर्घायुको मंगलमय कामना गर्दछौं।

# त्रिपिटक र अभिधम्म

*- भिक्षु सुशील -*

**धर्म र विनयको संग्रह :**

एक समय ५०० भिक्षुहरुका साथ आयुष्मान महाकाश्यप पावाबाट कुशीनगर तर्फको यात्रामा हुनुहुन्थ्यो । उहाले बाटोमा एक आजीवकलाई देख्नुभयो, तब उहाले आवुसो (तात्कालिन समय सम्बोधन गर्दा प्रयोग गर्ने शब्द) के तपाई हाम्रो शास्ता (गुरु) लाई चिन्नु हुन्छ ? भनी सोध्नु हुँदा प्रत्युत्तरमा भने "मेरो हातमा भएको यो मन्दार पुष्प मैले त्यहिंबाट ल्याएको हुँ । एक सप्ताह अघि श्रमण गौतम परिनिर्वाण हुनु भै सक्यो ।" आजीवकले भनेको कुरा सुनेका भिक्षुहरु शोकग्रस्त बन्न पुगे । त्यस भिक्षु समुहमा भएका एक बृद्ध भिक्षु सुभद्रले भिक्षुहरुलाई भने- आवुसो ! भो शोक गर्न छोड् न रोउ ! हामी मुक्त भयौं । उहा महाश्रमण (भगवान बुद्ध) सधैं हामीलाई "तिमीहरुले यो गर्नुपर्छ- त्यो गर्नु हुदैन" भनीरहनु हुन्थ्यो, अब हामी स्वतन्त्र भयौं । अबदेखि हामीलाई जुन इच्छा हुन्छ त्यो गरौं, जुन इच्छा हुदैन त्यो नगरौ । वृद्ध प्रव्रजित भिक्षु सुमद्रको विचारबाट चिन्तित भिक्षु महाकाश्यपले पछि भिक्षु संघको सामु तथागत बुद्धद्वारा उपदेशित 'धर्म र विनय' संग्रह गर्ने संगायन (वर्तमान भाषामा सम्मेलन) को प्रस्ताव गर्नुभयो । सोहि वर्षको वर्षावासमा ५०० अर्हत् भिक्षुहरु राजगृहमा वर्षावास बस्नु भै 'धर्म र विनयको संग्रह गर्नुभयो । यसलाई प्रथम संगायन भनियो । सो संगायनया संग्रह गरिएका 'धर्म र विनय' जुन तथागत बुद्धको वचन थियो, त्यसलाई त्रिपिटक भनियो । त्रिपिटक शब्द पछि गएर बुद्ध बचनको पर्यायवाची शब्द बन्यो ।

**त्रिपिटकको अर्थ :**

'पिटक' शब्दले बुझाउने अर्थ हो- भांडो, विभाग वा खण्ड । 'त्रि' ले तीन को संख्या बुझाउँछ । तसर्थ, त्रिपिटक शब्दले तीन खण्ड, तीन विभाग, तीन वटा भांडो बुझाउने प्रष्ट हुन्छ । वर्तमान प्रचलित अर्थ अनुसार त्रिपिटकले बुद्ध धर्मको शिक्षा, जुन तथागत बुद्धले आफ्नो जीवन कालमा दिनुभएको उपदेश हो, यस भित्र तीन विभाग वा खण्ड यस प्रकारका छन्- सूत्र, विनय र अभिधम्म । सूत्र पिटकमा भगवान बुद्धले उपदेश गर्नु भएका धर्महरु संग्रह गरिएका छन् । विनय पिटकमा बुद्ध धर्ममा प्रव्रजित भै जीवन यापन गरिरहेका भिक्षु-भिक्षुणीहरुले पालना गर्नुपर्ने नियमहरु छन् । अभिधम्म पिटकमा धर्मका गम्भिर पक्ष संग्रह गरिएका छन ।

**त्रिपिटकको अध्ययन पर्नुपर्ने किन ?**

महाकरुणावान तथागत बुद्धले गर्नुभएको धर्म देशनाको कारण हो चार प्रकारका ओघ (काम ओध, भव ओघ, दृष्टि ओध र अविद्या ओध) बाट मुक्ति दिनु । 'ओघ' को अर्थ हो- अन्धकार । काम अन्धकार, भव अन्धकार, दृष्टि अन्धकार र अविद्याको अन्धकारबाट मुक्त हुनका लागि त्रिपिटकको अध्ययन गर्नुपर्ने हो ।

**कुन पिटकमा के छ ?**

सम्मुति (सामान्य र परमत्थ (विशेष वा परम तत्व) सम्बन्धमा जानकार तथागत बुद्धले आफूलाई भैषज्याचार्य अर्थात उपचारक भन्नुहुन्थ्यो । उहाले गर्नु हुने उपचार सामान्य र विशेष प्रकारका हुने गर्थे । कुनै कुशल वैद्य वा उपचारकले जसरी पथ्य सम्बन्धमा निर्देशन दिने हो तथागत बुद्धले पनि यस्तो गर्नु उपयुक्त छ - यस्तो गर्नु उपयुक्त छैन भनी निर्देशन गर्नु हुन्थ्ये । जुन जुन उपदेशले आदेशको रुप लिएका छन ती सबै विनय पिटक अन्तर्गत पर्दछन् । विनय पिटकलाई "आज्ञा बहुल" भनिएका छन । आज्ञाले आदेशलाई बुझाउछ । अर्थात् -यस प्रकारका कार्य गर्नू- यस प्रकारका कार्य नगर्नू सम्बन्धमा दिइएका निर्देशनहरु ।

तथागत बुद्धले आदेश मात्र गर्नु हन्थेन, व्यवहार कौशलका सम्बन्धमा पनि उपदेश गर्नुहुन्थे । व्यावहारिक जीवन सन्तुलित बनाउन आवश्यक पक्ष हो - आचरण सुधार । आचरण सुधारका लागि आवश्यक उपदेशहरुको बाहुल्यता सूत्र पिटकमा संग्रह गरिएका छन् । त्यसैले सूत्र पिटकलाई 'व्यवहार देशना' भनिएको छ ।

राम्रो आचरण, सन्तुलित जीवन हुदैमा आन्तरिक अवस्था बलवान हुन्छ भन्न कठिन छ अर्थात बाहिरबाट देखिने पक्ष राम्रो हुदैमा आन्तरिक पक्ष पनि राम्रै हुन्छ भन्न गाह्रो हुन्छ। आन्तरिक पक्ष अर्थात चित्तको अवस्था मजबूत पार्न सार र असार छुट्याउने क्षमताका लागि सम्मुति (सामान्य) ज्ञान पर्याप्त हुने गर्दैन। सामान्य ज्ञानका साथै परमत्थ (परम तत्व) सम्बन्धी ज्ञानको आवश्यकता हुने कारणले विशेष प्रकारको क्षमता बृद्धिका लागि गरिएका उपदेश अभिधम्मले परम तत्व- परमार्थलाई बुझाइरहेको छ। सोहि कारण अभिधम्म पिटकलाई परमार्थ देशना भनिएको छ।

**कुन पिटक के भन्छ ?**

त्रिपिटकले तीन सन्देश वा कुरा बताउछ। ती हुन- संवर-असंवरको कुरा, दृष्टि सम्बन्धी कुरा, नाम, रुप परिच्छेद सम्बन्धी कुरा। असंयमित (असंवर) जीवनलाई संयमित (संवर) तुल्याउन आवश्यक पक्ष विनय पिटक भित्र छन्। मिथ्या दृष्टि (दीध निकाय अन्तर्गत ब्रम्हजाल सूत्रमा उल्लेख गरिएका ६२ प्रकारका दृष्टि) को अवगुण पहिल्याइ सम्यक् दृष्टिले युक्त बन्न आवश्यक ज्ञान सूत्र पिटक अन्तर्गत छन्। सामान्य ज्ञानमा सीमित नभै विशेष ज्ञानको क्षमता बनाउन नाम (आध्यात्म), रुप (भौतिक) पक्षलाई विभक्त गरी पहिल्याउन सक्ने क्षमता आवश्यक हुन्छ। नाम रुपको ज्ञान अभिधम्म पिटकमा संग्रह गरिएका छन।

**त्रिपिटकको गम्भीर पक्ष :**

त्रिपिटक (सूत्र, विनय, अभिधम्म) चार प्रकारका गम्भीर भाव-धर्म अर्थ, देशना पटिवेध संग सम्बन्धित छ। बुद्ध वचन धर्म हो। यसले दिइरहेको सन्देश अर्थ हो। जुन कारणले धर्मको सन्देश तथागतले दिनुभएको हो त्यो देशना हो। जुन लक्ष्यमा पुऱ्याउनका लागि तथागतले धर्मको उपदेश गर्नुभएको हो सो लक्ष्यमा पुग्नु पटिवेध हो।

धर्म हेतु हो। जुन हेतुले फल प्राप्तिको अवस्थामा पुऱ्याउछ, त्यो अर्थ हो। धर्म र अर्थ सम्बन्धमा तथागतले दिनु भएको निर्देशन देशना हो। यसलाई अनुलोम-प्रतिलोम, संक्षिप्त-विस्तारमा बताउनु भएको छ। धर्म (अर्थात स्व- लक्षण) को अविपरीत स्वभाव पहिल्याउन सक्ने क्षमताले सम्पन्न अवस्थामा पुग्नु पटिवेध हो।

**अभिधर्मको उत्पत्ति :**

स्थविरवादी परम्परा अनुसार बुद्धत्व प्राप्तिको सात वर्ष पछि त्रायास्त्रिंश देवभूमिमा तीन महिनासम्म तथागत बुद्धले अभिधर्मको देशना गर्नुभएको हो। देव भूमिमा गर्नु भएको देशना अनवतप्त दहमा प्रज्ञामा अग्र आयुष्मान सरिपुत्रलाई न त संक्षिप्त- न त विस्तारमा उपदेश गर्नु भयो। आयुष्मान सरिपुत्रले मतिमान (प्रज्ञावान) ५०० भिक्षुहरुलाई व्याख्या गरी सुनाउनु भयो। त्यसबेला देखि यसलाई सूत्र- विनयलाई झैं महत्व दिइ अध्ययन-अध्यापन गरिदै आएका हुन। यसरी तथागत बुद्धबाट आयुष्मान सरिपुत्र, आयुष्मान सरिपुत्रबाट ५०० अर्हत् भिक्षुहरुले सिक्दै गुरु शिक्ष्य परम्परा अनुसार अध्ययन- अध्यापनको कार्य बढाउदै आएका छन।

**अभिधर्मको अर्थ र महत्व:**

'अभि' र 'धर्म' को समास रुप हो- अभिधर्म। 'अभि' शब्दले विशेष वा अतिरिक्त बुझाउछ। 'धर्म' शब्दले परियत्ति धर्म अर्थात् तथागत बुद्धले बताउनु भएको शिक्षा (सैद्धान्तिक पक्ष) लाई बुझाउँछ। कतै धर्म शब्दलाई सूत्रको रुपमा पनि ग्रहण गरिएकोछ। भगवान बुद्धको वचन अनुसार "यो वो आनन्द ! मया धम्मो च विनयो च दसितो पञ्ञतो' अर्थात्- आनन्द ! मैले जुन धर्म र विनयको देशना गरेको छु त्यो प्रज्ञावानहरुका लागि हो। सोहि कारण यो अभिधम्म सूत्र जातकको रुपमा उपदेश गर्नुभएका र अन्य सूत्रहरु भन्दा फरक हुनुका साथै विशिष्ट र गम्भीर धर्म हो। महायानी आचार्य असंगले अभिधर्मको महत्व बुझाउने क्रममा भन्नुभएको छ- निर्वाणको नजिक पुऱ्याइदिने कारणले, धर्मलाई विविध तरिकाबाट वर्गीकरण गरि देखाइएको कारणले, विरोधीको मत निरस्त गरिदिएको कारणले, सूत्रमा बताइएका सिद्धान्तको अनुगमन गरिएको कारणले यो महत्वपूर्ण छ।

**अभिधर्ममा के के छ ?**

अभिधर्म पिटकमा सात विभागहरु छन। ती हुन्- धम्मसङ्गणि, विभङ्ग, धातुकथा, पुग्गलपञ्ञत्ति, कथावत्थु, यमक, पट्ठान। ती सात विभाग वा प्रकरणले 'चित्त, चेतसिक, रुप र निर्वाण' चार परमार्थ धर्मलाई सामान्य र विशेष तरिकाले प्रष्ट्याई ज्ञानको अवस्थामा पुग्न सघाइरहेको छ।

आचार्य बुद्धघोषले अभिधर्म सम्बन्धमा उत्पन्न समस्याको समाधान यसरी गर्नुभएको छ । प्रश्न हो- यो अभिधर्म के बाट प्रभावित छ ? यो कहा परिपक्क भएको हो ? यसलाई कहा प्राप्त गरियो ? यसलाई कलिहे प्राप्त गरियो ? कसले प्राप्त गरेको ? यसको खोजी कार्य कहा भएको हो ? खोजी कार्य कहिले भयो ? कसले खोजी गरेको ? यसको उपदेश कहा भयो ? कसलाई उपदेश गर्नुभएको ? के लाभका लागि उपदेश गर्नुभएको ? यसलाई कसले गृहण गर्छ ? कसले यसलाई शिक्षाको रुपमा लिनेछ ? यसबाट को शिक्षित हुनेछ ? कसले यसलाई धारण गर्नेछ ? यो कसको बचन हो ? यसलाई (हामी सामु) ल्याउने काम कसले गरेको ?

माथि उल्लेखित समस्या (प्रश्न) को समाधान यसरी गरिएका छन् बोधिको महत्व बुझ्ने श्रद्धाबाट यो प्रभावित छ । ५५० जातकमा यो परिपक्क भएको छ । बोधिवृक्षको मूल ( फेद) मा यसलाई प्राप्त गरिउको हो । वैशाख पूर्णिमाको रात यसलाई प्राप्त गरिएको हो । सर्वज्ञ बुद्धले (यसलाई) प्राप्त गरिएको । बोधि मण्डपमा यसको खोजी कार्य गरिएको । रत्न गृहमा बिताउनु भएको सप्ताहमा खोजीकार्य भएको । सर्वज्ञ बुद्धले खोजी कार्य गर्नुभएको । त्राय/स्त्रिंश देवभूमिमा प्रथम देशना गर्नुभएको । देवताहरुलाई देशना गर्नु भएको । चार ओघबाट मुक्तिका लागि उपदेश गर्नु भएको ! शैक्ष र कल्याण पृथकजनले यसलाई शिक्षाको रुपमा ग्रहण गर्नेछन । क्षिणाश्रवी अर्हत् यसबाट शिक्षित हुनेछ । जो संग यसलाई ग्रहण गर्ने योग्यता छ त्यसले यसलाई धारण गर्नेछ । यो अर्हत् भगवान् सम्यक सम्बुद्धको वचन हो । आचार्य परम्पराबाट यसलाई हामी सामु ल्याउने काम भएको हो ।

दुतिय संगायनसम्म निर्विवाद रुपमा अगाडि बढी रहेको यो पछि गएर विवादको विषय बन्न पुग्यो । एकथरी यसलाई बुद्ध वचन होइन भन्न थाले । यसको प्रतिवादमा अर्को समुहले यो बुद्ध वचन नै भएको दाबी गरे ।

**धर्मको विस्तारित रुप- अभिधर्म :**

कुनैपनि देशको संविधान निर्माण गर्दाको समय निश्चित धारा, उपधारा, परिच्छेद, अध्यायको व्यवस्था गर्दछ । कालक्रममा अन्य खण्डहरु पनि त्यसमा संलग्न गरिने काम हुन्छ । आवश्यकता अनुरुप संशोधन गर्नेछ । अध्यादेशको रुपमा नियम निर्माण गरी जोडिएका र अन्य सबैलाई पहिलेका मूल रुप कै महत्व दिएर सकार गरी व्यवहारमा लागू गरिन्छ । त्यसो गर्ने कार्यलाई अनुचित भनिदैन । सोहि अनुरुप तथागत बुद्धले धर्मको रुपमा व्यक्त गर्नुभएका उपदेशलाई काल-क्रममा व्याख्या विस्तार गर्ने काम भएकै छैन भन्नु सत्य अनुरुप हुनेछैन । मूल उपदेशको भाव अनुरुपभएका व्याख्या-विस्तार गरिएकोलाई शंकाको आखाले हेर्नु उपयुक्त हुदैन । अभिधर्मलाई तथागत बुद्ध स्वयंद्वारा उपदेशित धर्मको विस्तारित रुप अनुसार ग्रहण गर्ने व्यक्तिले यो पाउनेछ कि सूत्रमा बताइएका उपदेशको भावलाई बुझ्न यसले अझ बढी योगदान दिएको छ ।


*सुखवती बौद्ध गुम्बा*द्वारा २०६५ श्रावण ३ गते
आयोजित २५ औं पोखरा उपत्यकाव्यापी
***बुद्ध पूजा***को पूर्ण सफलताको कामना



कर्म दुबक्युड छोयखोर्लिंग
मनाङ्ग गुम्बा
माटेपानी, पोखरा



# हार्दिक शुभकामना

२५औं पोखरा उपत्यकाव्यापी बुद्ध पूजा

तथा धर्मचक्र प्रवर्तन दिवसको "शुभ अवसरमा"

सम्पूर्ण मानव जगतमा सुख शान्ति सम्बृद्धि र सद्भभाव, सद्भचरित्र र

सद्विचार सदैव संम्प्रेषण भई रहोस्

**यहि हाम्रो शुभ कामना !**

सचिव
*उत्तममान बुद्धाचार्य*
बुद्ध जयन्ती समारोह समिति
कास्की, पोखरा



अध्यक्ष
*हरिध्वज तुलाचन*
बुद्ध जयन्ती समारोह समिति
कास्की, पोखरा

# शुभकामना

## आषाढ पूर्णिमा "धर्मचक्र प्रवर्तन"

दिवसको पुनित अवसरमा

सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति र समृद्धिको कामना सहित सुखवती बौद्ध गुम्बा, पोखरा-१ द्वारा आयोजित २० औं पोखरा उपत्यकाव्यापी बुद्ध पूजा तथा धर्मचक्र प्रवर्तन दिवसको सफलताका लागि हार्दिक कामना गर्दछौं।



*वीर बहादुर गुरुङ*
अध्यक्ष तथा
**बौद्ध अर्घौ सदन परिवार**
गौतम बुद्ध मार्ग, पोखरा-१०



# बुद्धोपासक चित्तधरको कवितामा बौद्धदर्शन

रीना तुलाधर (बानिया), परियत्ति सद्धम्म कोविद

स्व. कविकेशरी चित्तधर 'हृदय' एक कवि, महाकवि, नाटककार, कथाकार, निबन्धकार, सम्पादक मात्र नभएर भाषा साहित्यका ऐतिहासिक विवेचक, संगीतकार तथा कलाकारको रुपमा देखा पर्नुहुन्छ । यसको अलावा उहा बुद्धधर्मका ठूला ज्ञाता हुनुहुन्थ्यो , उहा बौद्ध विद्वान् पनि हुनुहुन्थ्यो भन्ने कुरा उहाका रचनाहरुले बताउछन । उहाले महाकाव्य 'सुगत-सौरभ' जुन भगवान् बुद्धको जीवनी तथा दर्शनलाई लिएर लेख्नुभएको छ, यसले यो कुराको पुष्टि गर्दछ । नेपाली समाज, सभ्यता, संस्कृतिको चित्रणको अलावा महाकाव्यमा चित्तधरले आफ्नो जीवनमा अँगाल्नु भएको आदर्श-धर्म सङ्गाल्नुभएको छ । सुगत-सौरभबाहेक उहाका अन्य कविता, रचनाहरुमा गहिरिएर अध्ययन गर्दा उहाभित्र बौद्धदर्शनको विशाल भण्डार संग्रहित थियो भन्ने कुरा हामीले थाहा पाउछौ ।

सुगत-सौरभ महाकाव्यको महत्ताको विषयमा धेरै साहित्यकार, विद्वानवर्गले आ-आफ्नो दृष्टिकोण पोखेका छन् । साहित्यिक दृष्टिकोणले यो एउटा अति उच्चस्तरीय कृति ठहरिएको छ । नेपालमा २००७ सालको प्रजातन्त्र बहालीपूर्व भएको जनक्रान्तिको क्रममा जातभात मुद्दा, लाइब्रेरी केस, आडम्बर मतको मुद्दा, भारतमा लगी किताबहरु छापेको आदि आरोपमा चित्तधरलाई वि.सं. १९९७ माघ ७ का दिन ६ वर्षको जेलसजाय दिइयो । यही जेलयात्रामा उहाले अन्य साहित्यिक रचनाहरुसँगसँगै 'सुगत-सौरभ' महाकाव्य पनि सिर्जना गर्नुभएको थियो । विभिन्न छन्दको घेराभित्र रही रचिएका यस महाकाव्यका कविताका अंशहरुले इतिहासको समालोचना गर्दछ, मनोविश्लेषणात्मक वर्णन गर्दछ, समाज र संस्कृतिको चित्रण गर्दछ, समाज सुधारको निर्देशन दिन्छ, धर्मदर्शन बुझाउछ ।

साहित्यिक क्षेत्रमा अध्ययन गर्दा विश्वमा कैयौं यस्ता साहित्यिक कृतिहरु छन जुन धर्मदर्शनलाई आधार लिएर लेखिएको छ । रवीन्द्रनाथ टैगोरको गीताञ्जली, कबिरदासका दोहा, जोन मिल्टनको प्याराडाइज लस्ट, राल्फ बाल्डो इमर्सनको ब्रह्मा, थोमस स्टियर्न इलियटको द वेस्ट ल्यान्ड इत्यादि उदाहरण छन् । नेपाली साहित्यिक जगत्मा लक्ष्मीप्रसाद देवकोटाको शकुन्तला, सिद्धिचरणको उर्वशी, मोतिराम भट्टको प्रल्हादभक्ति कथा, भानुभक्तको रामायण यस्तै उदाहरण हुन् । बौद्ध साहित्यमा प्रशिद्ध बौद्धकवि अश्वघोषकृत बुद्ध चरित महाकाव्य पनि अर्को उदाहरण हो । धर्मदर्शनलाई आधार मानेर रचिएको विश्वकै उत्कृष्ट साहित्यिक कृतिहरुको समूहमा सुगत-सौरभ पनि पर्दछ, जुन नेपाल भाषामा लेखिएको छ । भाषा जुनसुकै होस्, साहित्य आखिर साहित्य नै हो ।

१९ वटा सर्गमा लेखिएको सुगत-सौरभ महाकाव्यका केही अंशहरु उदाहरणको रुपमा प्रस्तुत गर्न सकिन्छ, जसले बौद्धदर्शनको व्याख्या गर्दछ, बुद्धका सुधारवादी व्यावहारिक उपदेशहरु प्रष्ट्याउछ ।

गौतमबुद्ध तत्कालीन समाजमा प्रचलित सामाजिक क्रान्तिकारी व्यक्तित्व हुनुहुन्थ्यो । उहा यज्ञ बलिको नाउमा अबोध प्राणीलाई मार्नु, जातिभेदको नाउमा तल्लो जातिलाई गरिने सामाजिक शोषण, धर्मको नाउमा आफैलाई शारीरिक यातना दिनुजस्ता अन्धविश्वासपूर्ण विकृतिलाई हटाउन उपदेश दिनुहुन्थ्यो । चित्तधरले बुद्धका यी उपदेश आफ्नो कवितामा समेट्नुभएको छ । सुगत-सौरभमा 'बोधिप्राप्ति' नामको १० औं सर्गमा भएका केही अंश- 'हिंसा गरीकन यतिका पशुको व्यर्थैमा किन गर्छौ पाप ? पछ्याईकन पूर्व मिमांसा डुबीकन केवल कर्मकाण्डमा बिर्सन्छौ किन ज्ञानकाण्ड त्यो अति उत्तम जो षड्दर्शनमा ?' 'तरु ढाल्दा वा पशु वध गर्दा होली खेल्दा लाल रक्तको पुग्छ भने यदि स्वर्गलोकमा राख जाने बाटो कुन हो ।'

जातिभेद तथा छुवाछुतविरुद्ध आजको एक्काइसौं शताब्दीमा जताततै अवाज उठिरहेको छ । नेपालमै दलितले संघर्ष गरिराखेका छन् समान हकको लागि । २५ सय

वर्षभन्दा अगाडि नै भगवान् बुद्धले जातिभेदको विरुद्धमा दिनुभएको 'वसल सूत्र' नामको उपदेश सूत्र निपात नामक ग्रन्थमा उल्लेख छ। 'न जच्चा वसलो होति न जच्चा होति ब्राह्मणो अर्थात् ' जन्मले कोही ब्राह्मण हुदैन, जन्मले कोही चाण्डाल हुदैन कर्मले नै कोही चाण्डाल हुन्छ, कर्मैले कोही ब्राह्मण हुन्छ' भन्ने बुद्धको यो उपदेश सुगत-सौरभमा भावनानुवाद गरिएको छ।

शरीरभरि भष्म दलेर, नाङ्गै हिंडी, खानपिन त्यागदैमा तपस्वी बन्दैन भन्ने बुद्धको उपदेशको तात्पर्य धर्म प्रचार' नामको ११ औं सर्गमा उल्लेख छ। धर्मप्रचारको सिलसिलामा भगवान् बुद्धले उरुवेल काश्यप, नदी काश्यप र गया काश्यप नामका तीन जना जटिल साधुहरुलाई दिनुभएको उपदेशको सार कविले यसरी रच्नुभएको छ- भन्छन् जिनले मृदु मुस्काई-'धसीकन तनमा भष्म विभूति मुछी जटामा माटो अथवा उपवास बसी कसी पलेटी जपतप अथवा ध्यान गरीकन जति गरे पनि अनल अर्चना काश्यप ! हुन्छन ती सब व्यर्थ छ भने तिम्रो मनमा तृष्णा

'धम्मपद' नामको बौद्धग्रन्थमा १४१ औं गाथामा भगवान बुद्धको बचन यसरी उल्लेख गरिएको छ-

नजग्गचरिया न जटा न पङ्का
नानासका धण्डिलुसायिका वा
रजो चजल्ल उक्कु टिकप्पधान
सोधेन्ति मच्च अवितिण्ण कड्ख।

यस बुद्ध बचनको अर्थ हो- नाङ्गै बस्दैमा, जटा धारणा गर्दैमा, हिलोमा डुब्दैमा, भोकै बस्दैमा, भुइँमा सुत्दैमा, धूलो जीउमा दल्दैमा, इच्छा निरोध भई शुद्ध हुने होइन।

धार्मिक विवाद राम्रो कुरा होइन। इतिहासदेखि वर्तमानसम्म पनि विश्वमै धर्मयुद्ध हुने गरेको छ। धर्मयुद्ध विवेकहीनताको नमुना हो। भगवान् बुद्ध धर्मसम्बन्धी वादविवादमा लाग्नुहुदैन, यसले कुनै निकास दिदैन भन्नुहुन्थ्यो। 'सुत्त निपान' नामको ग्रन्थ (भागन्दीय सूत्र)मा उल्लेख छ बुद्धको यस्तै उपदेश। चित्तधरको सुगत-सौरभमा 'झिनिदे उख्य थुख्य' नामको १५ औं सर्गमा भागन्दीय नामको ब्राह्मणलाई दिइने उपदेश कवितामा गासिएको छ।

बुद्धले धार्मिक वादविवादमा नलाग्नको निमित्ति दिनुभएको भागान्दीय सूत्रजस्तै चूलवियूह, महावियूह सूत्रहरु छन्, जसको अर्थ कविले आफ्नो भावमा व्यक्त गर्नुभयो।

बुद्धोपासक चित्तधरको काव्य रचनाहरुमा गहन बौद्धदर्शनलाई आलंकारिक, छन्दात्मक लयमा संरचना गरी पाठकवर्गलाई लाभान्वित गर्न खोजिएको छ। एउटा ज्वलन्त उदाहरण 'धर्मप्रचार' नामको ११ औं सर्गमा भेटिन्छ।

भिक्षुहरु हो ! जलिरहेझैं नित्य निरन्तर शिखर शैलका
रागद्वेष अनि मोह अग्निले नित्य जलाउछ इन्द्रीय सबको
त्यस्तै रुप र रस आदि सबै विषय भोगको सङ्गमबाट भित्र
चित्तमा उत्पन्न हुने सुखदुख सारा जल्दछ नित्य त्यही
जलनको हो परिणाम जन्म जरा अनि मरण विलाप
शोकादि सबै हुन् अनल भने तृष्णा त्यसको ज्वाला तात
रुपादि सबै त्यागी विषय ब्रह्मचर्यमा जसले बस्छ
प्राप्त गरीकन त्यसले बोधि जगको सारा बन्धन तोड्छ।'

यी कवितामा रमाइला शब्द संग्रहले बुद्धले खोजी देखाउनुभएको गम्भीराति गम्भीर 'प्रतीत्य समुत्पाद' दर्शन दर्शाइरहेको छ। रचनाकारले त आफ्नो काम गरिसके। पाठकले यसको लाभ उठाउन सक्नुपर्‍यो।

'धर्मप्रचार' सर्गमा बुद्धले पाँच जना ब्राह्मणलाई दिन लगाइएको उपदेश अति महत्वपूर्ण छ। असार पूर्णिमाको दिन भगवान् बुद्धले दिनुभएको प्रचम धर्म उपदेश जसलाई बौद्ध साहित्यमा 'धर्मचक्र प्रवर्त्तन सूत्र' भनिन्छ। यसै अमूल्य धर्मसन्देशको संक्षिप्त भावानुवाद 'धर्मप्रचार' सर्गमा छ। यसमा दुई अति मार्गलाई त्यगी अपनाउनुपर्ने मध्यम मार्ग, चार आर्य सत्यअन्तर्गत आठ किसिमको दुख तथा संक्षेपमा पञ्चोपादान स्कन्ध नै दुख भनीकन बताइएको दुख सत्य, त्यसपछि काम तृष्णा, भव तृष्णा तथा विभव तृष्णाको रुपमा तृष्णा नै दुखको प्रमुख कारण भनी बताइएको दुख निरोध गामिनि प्रतिपदा आर्यसत्य पनि एक-एक गरी व्याख्या गरिएको छ। यो बुझ्ने प्रयास पाठकले गरेमा कविको मेहेनत साकार हुनेछ।

बुद्ध धर्महेतु फलवादी धर्म हो। बैज्ञानिक भाषामा 'कज एन्ड इफेक्ट'को तथ्य बौद्ध दर्शनसँग मिल्छ। सुप्रशिद्ध बैज्ञानिक अल्बर्ट आइन्स्टाइनले भनेका छन् -'आजको युगमा आधुनिक विज्ञानसँग मिल्ने कुनै धर्म छ भने त्यो हो बुद्धधर्म।' उस्तै ठूला दार्शनिक बरट्रान्ड रुसेलले भनेका छन्- 'यदि कसैले मलाई कुनै धर्म मान्न विवश गरेमा म बुद्धधर्म मात्रै मान्छु।' हेतु-फलको छोटो एउटा गाथा भिक्षु अश्वजितबाट सुनेर नै भिक्षु सारिपुत्रले (उपतिस्स ब्राह्मण पहिले) ज्ञान पाएका थिए जो पछि बुद्धका अग्रश्रावक

बने। हेतु-फलवाद अर्थात अनात्मवादको यो महत्वपूर्ण पक्ष कविज्यूको महाकाव्यमा छुटेको छैन। भिक्षु अश्वजितले उपतिस्स ब्राह्मणलाई सुनाएको 'ये धम्मा हेतुप्पभवा तेसं हेतुं तथागतो आह तेसञ्च यो निरोधो एवं वादी महासमणोति' अर्थात् 'जुन धर्महेतुको कारणले उत्पन्न भएको छ त्या धर्मको हेतु तथागतले आज्ञा गर्नुहुन्छ, फेरि त्यस हेतुको निरोध पनि आज्ञा गर्नुहुने उहा महाश्रमण हुन्छ।' भन्ने सम्पूर्ण बौद्ध सिद्धान्तलाई संग्रह गर्ने यो गाथा चित्तधरले यसरी कवितामा रच्नुभएको छ-

'हेतु धर्मको जुन हो तात ! त्यही हेतुले बन्दछ धर्म भन्छन नित दिन प्रभु, स्त्रीधनले गर्नुछ त्यसकै मुख्य निरोध'

(क्रमशः)

**आषाढ पूर्णिमा धर्मचक्र प्रवर्तन दिवस**को

उपलक्ष्यमा २०६५ श्रावण ३ गते आयोजित

**२५ औं पोखरा उपत्यका व्यापी बुद्धपूजाको**

पूर्ण सफलताको कामना गरी

संपूर्ण नेपालीहरुको सुख, शान्ति र समृद्धिको

**हार्दिक कामना ।**



*क्या. डम्बर बहादुर गुरुङ*

*अध्यक्ष तथा*

ध्ये छिं लिंग गुम्बा परिवार

दिप, पोखरा-१६



***सुखवती बौद्ध गुम्बा***द्वारा २०६५ श्रावण ३ गते आयोजित २५ औं पोखरा उपत्यकाव्यापी ***बुद्ध पूजा***को पूर्ण सफलताको कामना ।



यम बहादुर गुरुङ्ग

अध्यक्ष तथा

विश्व शान्ति गुम्बा परिवार

फुलबारी, पोखरा-११



धर्मचक्र प्रवर्तन दिवसको
उपलक्ष्यमा सुखवती बौद्ध गुम्बाद्वारा आयोजित
२५औं पोखरा उपत्यकाव्यापी बुद्ध पूजाको
अवसरमा संपूर्ण नेपालीहरुको
सुखशान्ति र समृद्धिको मंगलमय कामना ।



क्या. झपट बहादुर गुरुङ्ग
का.वा. अध्यक्ष तथा
**बगर तमु समाज परिवार**
पोखरा-१



# शुभकामना

***आषाढ पूर्णिमा "धर्मचक्र प्रवर्तन" दिवसको***
*पुनित अवसरमा सम्पूण नेपालीहरूमा सुख, शान्ति र समृद्धिको कामना सहित*
*सुखवती बौद्ध गुम्बा, पोखरा-१ द्वारा आयोजित **२५ औं पोखरा***
***उपत्यकाव्यापी बुद्ध पूजा** तथा **धर्मचक्र प्रवर्तन दिवसको***
*सफलताका लागि हार्दिक कामना गर्दछौं ।*

क्या. देवी प्रसाद गुरुङ्ग
अध्यक्ष तथा
**भीमकालीपाटन, गुरुङ (तमु) समाज परिवार**
पोखरा-१

# बुद्ध, अहिंसा र समकालीन नेपाल

- तिलक पराजुली

बुद्ध भगवानले आफूलाई कुनै अलौकिक व्यक्तित्व, दैवीशक्ति भएको पुरुष, देवता वा देवदूत भनेर कहिल्यै दावा गर्नु भएन । एक पटक एक जना उद्भट विद्वता भएका ब्राह्मण पण्डितले भगवान बुद्धसंग प्रश्न गरेका छन् 'तपाईले आफ्नो परिचय आफैले दिनु पऱ्यो भने कसरी दिन रुचाउनु हुन्छ ?' यस प्रश्न को उत्तरमा भगवान भन्नु हुन्छ-'म एक साधारण मनुष्य पुत्र हुँ, मेरो परिचय यही हो ।' कति सरल, सहज र गहिरो छ बुद्धको धारणा । यस जवाफबाट बुझ्न सकिन्छ । अर्को एउटा प्रसंग पनि उल्लेख गर्नु आवश्यक छ । त्यो के हो भने बुद्धले आफ्ना उपदेशहरुलाई कहिल्यै पनि सम्पूर्ण ठान्नु भएन । उहाको जीवनको उत्तरार्द्ध तिर, एक दिन आफ्ना सुयोग्य शिष्य आनन्दसंग एक सालको बगैचामा बसीरहैको बेला भगवान संग आनन्दले प्रश्न गर्नु भयो - भगवान् ! हजूरले दिएका उपदेशहरु के सर्वाङ्गीक रुपमा पूर्ण छन ?' यो प्रश्न सुनेपछि भगवानले आफू वरीपरीका झरेर सुकेका सालमा पातहरु हातमा दिएर आनन्दलाई प्रश्न गर्नुभयो, 'आनन्द ! के वनमा सबै झरेका पात यत्ति हुन् ?' आनन्दले भन्नु भयो होइन, ती त सानो अंश मात्र हो । अनि भगवानले जवाफ दिनुभयो -' जसरी मैले हातमा लिएका पात एउटा सानो अंश मात्रै हो त्यसै गरी मेरा उपदेश पनि एउटा सानो अंश हो । चराचर जगतमा बुझ्नु पर्ने र जान्नु पर्ने अरु धेरै कुरा छन् ।'

माथि उल्लेख गरेका कुराबाट नै बुद्ध भगवानको जीवनको सरलता, चिन्तनको विशालता र व्यवहारको गहनता हामी बुझ्न सक्दछौं । बुद्धका उपदेश लोकभाषामा छन् र ती व्यवहारमा उत्तार्न सकिने छन् । बुद्ध भगवानले आफ्नो उपदेशको लक्षित समूह सँधै सर्वसाधारण जनतालाई बनाउनु भएको छ । उहाका शिक्षाको एक ठूलो विशेषता यसको सार्वभौमिकता हो । बुद्ध भगवानका उपदेश संबन्धमा खप्तडस्वामीले आफ्नो धर्म विज्ञान कृतिमा यसरी गरेका छन्- 'अहिंसा सत्यमस्तेयः शौचमिन्द्रिय निग्रहः । एतद्धर्म समासेन चातुर्वर्ण्ये ऽब्रवीन्मनुः ॥' पहिलो हो अहिंसा । अहिंसाको स्थुल अर्थ हो- मनस्ता, वाचा, कमंणा कसैलाई पनि कुनै किसिमको कष्ट नदिनु । यस्तो कुनै पनि किसिमबाट टाढा रहनु नै अहिंसाको पालना हो । अहिंसा, करुणा र मैत्री एक आपसमा अन्तसम्बन्ध रहने कुरा हुन । देव, देवी, पुजा यज्ञादि गर्दा पनि पशु हिंसा गरेर यज्ञ-यज्ञादि गर्नु हुदैन । जसले हिंसा गर्छ त्यसले प्रतिहिंसा अवश्य बेर्होनु पर्दछ । डा. अम्बेडकरले 'बुद्ध धगवान र उहाको धर्म' नाम कृतिमा अहिंसा सम्बन्धमा चर्चा गर्दै लेखेका छन-' भगवान बुद्धले अहिंसाको परिभाषा कहिं पनि गर्नुभएको छैन । अहिंसाको परिभाषा यही हो भनि बुद्ध भगवानले व्याख्या नगरेको भएता पनि उहाका विचार र व्यवहारबाट नै यसलाई बुझ्न सकिन्छ । भगवान बुद्धले प्रारम्भिक जीवन अर्थात् उहा सिद्धार्थ गौतम छदाका दुईवटा घटनाको विश्लेषण गर्ने हो भने अहिंसा उहाको जीवनको वाल्य अवस्था देखिको गुण हो भन्ने बुझ्न सक्दछौं ।

उहा किशोर अवस्थामा छदा नै देवदत्त नामक अर्को युवाले एक पंछी हाँसलाई वाँणले हानी घाइते बनाउदा सिद्धार्थ गौतमले सो घाइते हाँसको उद्धार गर्नु भएको हो । यसमा उहाले देवदत्तसंग वैरभाव नै मोल्नु परेको दृष्टान्त छ । अर्को घटना, उहाले आफ्तो बीस वर्षे उमेर पुगेपछि शाक्य संघको सदश्यता लिनु । शाक्यसंघको उहाँ एक निष्ठावान सदश्य हुनुहुन्थ्यो । निष्ठा र प्रतिवद्धताका आठ वर्ष शाक्यसंघमा वितेपछि उहा अट्ठाईस वर्षको युवा छँदा संघको सेनापति संग उहाको कुरा मिलेन, वहुमतको विचार विरुद्ध उहाँ जानु पऱ्यो । त्यो हो 'रोहिणी नदीको जल उपयोग' संबन्धमा दुई छिमेकी राज्य शाक्य राज्य र कोलीय राज्यवीचको झगडाको प्रसङ्गमा । शाक्यसंघको

सेनापति कोलीयसंग युद्ध गर्ने पक्षमा थिए, संघको बहुमत यही पक्षमा थियो तर युवा सिद्धार्थले आफ्नो तर्फबाट भएका गल्ती पनि विचार गर्नुपर्ने र जलको उपयोग न्यायोचित रुपमा हुनुपर्ने तर युद्ध गर्न नहुने प्रस्ताव राख्दा देश निकाला हुनुपर्‍यो । यस परिघटनाले सिद्धार्थ गौतमको जीवनमा ठूलो मोड ल्यायो । उहा परिव्राजाक हुनु भयो र घोर तपस्याचार्य आदिबाट अन्ततः बुद्ध हुनुभयो । यी घटनाले नै बुद्ध भगवानले अहिंसालाई ठूलो महत्व दिएको बुझ्न सकिन्छ । भगवान बुद्धको अहिंसा सापेक्ष हो महावीरको झैं निरपेक्ष होइन भन्ने डा. अम्बेडकरको राय छ । यसले सत्य र न्यायका लागि अहिंसा पनि स्वीकार्न सकिन्छ भन्ने हुन आउछ । सन् ७० को दशकमा अमेरिकी साम्राज्यवादी - उपनिवेशवादी हिंसालाई परास्त गर्न भियतनामका बौद्ध भिक्षुहरुले पनि हतियार उठाएका थिए । तर, हतियार नउठाई शान्तिपूर्ण तवरमा अर्थात अहिंसात्मक तवरमा पनि अन्यायको प्रतिकार गर्न सकिन्छ, हिंसा माथि विजय पाउन सकिन्छ भन्ने उदाहरण माहात्मा गाँधीले अंग्रेज उपनिवेश विरुद्ध भारत छोडो आन्दोलनमा पाएको सफलताबाट हामीले बुझ्न सक्दछौ । हालै म्यानमार (वर्मा) मा त्यहाको निरंकुश सैनिक शासनको दमनको प्रतिरोध गर्ने दमित र अन्यायमा पर्ने को अधिकार हो, तर त्यो सकभर अहिंसक हुनुपर्दछ । अहिंसाको सापेक्षता यहि हो ।

हाम्रो देश नेपालमा एक दशक लामो हिंसात्मक द्वन्द हामी नेपालीले व्यहोर्नु पर्‍यो । अहिले आंशिक शान्ति छ ता पनि सशस्त्र द्वन्दको पुनरावृत्ति हुने आशंका हटेको छैन । विगतको हिसात्मक द्वन्दमा पन्ध्रहजार भन्दा बढी नेपालीको आहुति भएको छ । तर दशवर्षको हतियारले चलाईएको युद्धले गर्न नसकेको काम, प्राप्त गर्न नसकेको उपलब्धि उन्नाईसदिनको आन्दोलनले प्राप्त गर्न सकेको छ भन्ने कुराले अहिंसात्मकताको शक्ति बुझ्न सकिन्छ । तथापि अहिले जुन रुपमा नेपाली समाजमा जातीय र क्षेत्रीय विद्वेष बढेको छ त्यसले हिंसालाई प्रश्रय दिने काम गरेको छ । हामी सबैले सक्रिय प्रयत्न र कामना गरौं अहिंसा, मैत्री र करुणाभाव हामी सबैमा बृद्धि होस र देशमा शान्ति, लोकतन्त्र र प्रगतिलाई संस्थागत रुपमा अभिवृद्धि गर्न सकौं !

अस्तु !


**आषाढ पूर्णिमा धर्मचक्र प्रवर्तन दिवसको**

उपलक्ष्यमा २०६५ श्रावण ३ गते आयोजित

**२५ औं पोखरा उपत्यका व्यापी बुद्धपूजाको**

पूर्ण सफलताको कामना गरी

संपूर्ण नेपालीहरुको सुख, शान्ति र समृद्धिको

**हार्दिक कामना ।**





*ले. जस बहादुर गुरुङ*

अध्यक्ष तथा

**सिम्पानी तमु समाज परिवार**

पोखरा-१

# बुद्धोपासक चित्तधरको कवितामा बौद्धदर्शन

रीना तुलाधर (बानिया), परियत्ति सद्धम्म कोविद

स्व. कविकेशरी चित्तधर "हृदय' एक कवि, महाकवि, नाटककार, कथाकार, निबन्धकार, सम्पादक मात्र नभएर भाषा साहित्यका ऐतिहासिक विवेचक, संगीतकार तथा कलाकारको रुपमा देखा पर्नुहुन्छ । यसको अलावा उहा बुद्धधर्मका ठूला ज्ञाता हुनुहुन्थ्यो , उहा बौद्ध विद्वान् पनि हुनुहुन्थ्यो भन्ने कुरा उहाका रचनाहरुले बताउछन । उहाले महाकाव्य 'सुगत-सौरभ' जुन भगवान् बुद्धको जीवनी तथा दर्शनलाई लिएर लेख्नुभएको छ, यसले यो कुराको पुष्टि गर्दछ । नेपाली समाज, सभ्यता, संस्कृतिको चित्रणको अलावा महाकाव्यमा चित्तधरले आफ्नो जीवनमा अँगाल्नु भएको आदर्श-धर्म सङ्गाल्नुभएको छ । सुगत-सौरभबाहेक उहाका अन्य कविता, रचनाहरुमा गहिरिएर अध्ययन गर्दा उहाभित्र बौद्धदर्शनको विशाल भण्डार संग्रहित थियो भन्ने कुरा हामीले थाहा पाउछौ ।

सुगत-सौरभ महाकाव्यको महत्ताको विषयमा धेरै साहित्यकार, विद्वानवर्गले आ-आफ्नो दृष्टिकोण पोखेका छन । साहित्यिक दृष्टिकोणले यो एउटा अति उच्चस्तरीय कृति ठहरिएको छ । नेपालमा २००७ सालको प्रजातन्त्र बहालीपूर्व भएको जनक्रान्तिको क्रममा जातभात मुद्दा, लाइब्रेरी केस, आडम्बर मतको मुद्दा, भारतमा लगी किताबहरु छापेको आदि आरोपमा चित्तधरलाई वि.सं. १९९७ माघ ७ का दिन ६ वर्षको जेलसजाय दिइयो । यही जेलयात्रामा उहाले अन्य साहित्यिक रचनाहरुसँगसँगै 'सुगत-सौरभ' महाकाव्य पनि सिर्जना गर्नुभएको थियो । विभिन्न छन्दको घेराभित्र रही रचिएका यस महाकाव्यका कविताका अंशहरुले इतिहासको समालोचना गर्दछ, मनोविश्लेषणात्मक वर्णन गर्दछ, समाज र संस्कृतिको चित्रण गर्दछ, समाज सुधारको निर्देशन दिन्छ, धर्मदर्शन बुझाउछ ।

साहित्यिक क्षेत्रमा अध्ययन गर्दा विश्वमा कैयौ यस्ता साहित्यिक कृतिहरु छन जुन धर्मदर्शनलाई आधार लिएर लेखिएको छ । रवीन्द्रनाथ टैगोरको गीताञ्जली, कबिरदासका दोहा, जोन मिल्टनको प्याराडाइज लस्ट, राल्फ बाल्डो इमर्सनको ब्रह्मा, थोमस स्टियर्न इलियटको द वेस्ट ल्यान्ड इत्यादि उदाहरण छन् । नेपाली साहित्यिक जगत्मा लक्ष्मीप्रसाद देवकोटाको शकुन्तला, सिद्धिचरणको उर्वशी, मोतिराम भट्टको प्रल्हादभक्ति कथा, भानुभक्तको रामायण यस्तै उदाहरण हुन् । बौद्ध साहित्यमा प्रशिद्ध बौद्धकवि अश्वघोषकृत बुद्ध चरित महाकाव्य पनि अर्को उदाहरण हो । धर्मदर्शनलाई आधार मानेर रचिएको विश्वकै उत्कृष्ट साहित्यिक कृतिहरुको समूहमा सुगत-सौरभ पनि पर्दछ, जुन नेपाल भाषामा लेखिएको छ । भाषा जुनसुकै होस्, साहित्य आखिर साहित्य नै हो ।

१९ वटा सर्गमा लेखिएको सुगत-सौरभ महाकाव्यका केही अंशहरु उदाहरणको रुपमा प्रस्तुत गर्न सकिन्छ, जसले बौद्धदर्शनको व्याख्या गर्दछ, बुद्धका सुधारवादी व्यावहारिक उपदेशहरु प्रष्टयाउछ ।

गौतमबुद्ध तत्कालीन समाजमा प्रचलित सामाजिक क्रान्तिकारी व्यक्तित्व हुनुहुन्थ्यो । उहा यज्ञ बलिको नाउमा अबोध प्राणीलाई मार्नु, जातिभेदको नाउमा तल्लो जातिलाई गरिने सामाजिक शोषण, धर्मको नाउमा आफैलाई शारीरिक यातना दिनुजस्ता अन्धविश्वासपूर्ण विकृतिलाई हटाउन उपदेश दिनुहुन्थ्यो । चित्तधरले बुद्धका यी उपदेश आफ्नो कवितामा समेट्नुभएको छ । सुगत-सौरभमा 'बोधिप्राप्ति' नामको १० औं सर्गमा भएका केही अंश- 'हिंसा गरीकन यतिका पशुको व्यर्थैमा किन गर्छौ पाप ? पछ्याईकन पूर्व मिमांसा डुबीकन केवल कर्मकाण्डमा बिर्सन्छौ किन ज्ञानकाण्ड त्यो अति उत्तम जो षड्दर्शनमा ?' 'तरु ढाल्दा वा पशु वध गर्दा होली खेल्दा लाल रक्तको पुग्छ भन्ने यदि स्वर्गलोकमा राख जाने बाटो कुन हो ।'

जातिभेद तथा छुवाछुतविरुद्ध आजको एक्काइसौं शताब्दीमा जतातते अवाज उठिरहेको छ । नेपालमै दलितले संघर्ष गरिराखेका छन् समान हकको लागि । २५ सय

वर्षभन्दा अगाडि नै भगवान् बुद्धले जातिभेदको विरुद्धमा दिनुभएको 'वसल सूत्र' नामको उपदेश सूत्र निपात नामक ग्रन्थमा उल्लेख छ। 'न जच्चा वसलो होति न जच्चा होति ब्राह्मणो अर्थात् ' जन्मले कोही ब्राह्मण हुदैन, जन्मले कोही चाण्डाल हुदैन कर्मले नै कोही चाण्डाल हुन्छ, कर्मैले कोही ब्राह्मण हुन्छ' भन्ने बुद्धको यो उपदेश सुगत-सौरभमा भावनानुवाद गरिएको छ।

शरीरभरि भष्म दलेर, नाङ्गै हिंडी, खानपिन त्याग्दैमा तपस्वी बन्दैन भन्ने बुद्धको उपदेशको तात्पर्य धर्म प्रचार' नामको ११ औं सर्गमा उल्लेख छ। धर्मप्रचारको सिलसिलामा भगवान् बुद्धले उरुवेल काश्यप, नदी काश्यप र गया काश्यप नामका तीन जना जटिल साधुहरुलाई दिनुभएको उपदेशको सार कविले यसरी रच्नुभएको छ- भन्छन् जिनले मृदु मुस्काई-'धसीकन तनमा भष्म विभूति मुछी जटामा माटो अथवा उपवास बसी कसी पलेटी जपतप अथवा ध्यान गरीकन जति गरे पनि अनल अर्चना काश्यप ! हुन्छन ती सब व्यर्थ छ भने तिम्रो मनमा तृष्णा

'धम्मपद' नामको बौद्धग्रन्थमा १४१ औं गाथामा भगवान बुद्धको बचन यसरी उल्लेख गरिएको छ-

नजग्गचरिया न जटा न पङका
नानासका धण्डिलुसायिका वा
रजो चजल्ल उक्कु टिकप्पधान
सोधेन्ति मच्च अवितिष्ण कङ्ख।

यस बुद्ध बचनको अर्थ हो- नाङ्गै बस्दैमा, जटा धारणा गर्दैमा, हिलोमा डुब्दैमा, भोकै बस्दैमा, भुइँमा सुत्दैमा, धूलो जीउमा दल्दैमा, इच्छा निरोध भई शुद्ध हुने होइन।

धार्मिक विवाद राम्रो कुरा होइन। इतिहासदेखि वर्तमानसम्म पनि विश्वमै धर्मयुद्ध हुने गरेको छ। धर्मयुद्ध विवेकहीनताको नमुना हो। भगवान् बुद्ध धर्मसम्बन्धी वादविवादमा लाग्नुहुदैन, यसले कुनै निकास दिदैन भन्नुहुन्थ्यो। 'सुत्त निपान' नामको ग्रन्थ (भागन्दीय सूत्र)मा उल्लेख छ बुद्धको यस्तै उपदेश। चित्तधरको सुगत-सौरभमा 'फिनिदे उख्य थुख्य' नामको १५ औ सर्गमा भागन्दीय नामको ब्राह्मणलाई दिइने उपदेश कवितामा गासिएको छ।

बुद्धले धार्मिक वादविवादमा नलाग्नको निमित्ति दिनुभएको भागान्दीय सूत्रजस्तै चूलवियूह, महावियूह सूत्रहरु छन्, जसको अर्थ कविले आफ्नो भावमा व्यक्त गर्नुभयो।

बुद्धोपासक चित्तधरको काव्य रचनाहरुमा गहन बौद्धदर्शनलाई आलंकारिक, छन्दात्मक लयमा संरचना गरी पाठकवर्गलाई लाभान्वित गर्न खोजिएको छ। एउटा ज्वलन्त उदाहरण 'धर्मप्रचार' नामको ११ औ सर्गमा भेटिन्छ। भिक्षुहरु हो ! जलिरहेझैं नित्य निरन्तर शिखर शैलका रागद्वेष अनि मोह अग्निले नित्य जलाउछ इन्द्रीय सबको त्यस्तै रुप र रस आदि सबै विषय भोगको सङ्गमबाट भित्र चित्तमा उत्पन्न हुने सुखदुख सारा जल्दछ नित्य त्यही जलनको हो परिणाम जन्म जरा अनि मरण विलाप शोकादि सबै हुन् अनल भने तृष्णा त्यसको ज्वाला तात रुपादि सबै त्यागी विषय ब्रह्मचर्यमा जसले बस्छ प्राप्त गरीकन त्यसले बोधि जगको सारा बन्धन तोड्छ।'

यी कवितामा रमाइला शब्द संग्रहले बुद्धले खोजी देखाउनुभएको गम्भीराति गम्भीर 'प्रतीत्य समुत्पाद' दर्शन दर्शाइरहेको छ। रचनाकारले त आफ्नो काम गरिसके। पाठकले यसको लाभ उठाउन सक्नुपर्‍यो।

'धर्मप्रचार' सर्गमा बुद्धले पाँच जना ब्राह्मणलाई दिन लगाइएको उपदेश अति महत्वपूर्ण छ। असार पूर्णिमाको दिन भगवान् बुद्धले दिनुभएको प्रचम धर्म उपदेश जसलाई बौद्ध साहित्यमा 'धर्मचक्र प्रवर्त्तन सूत्र' भनिन्छ। यसै अमूल्य धर्मसन्देशको संक्षिप्त भावानुवाद 'धर्मप्रचार' सर्गमा छ। यसमा दुई अति मार्गलाई त्यगी अपनाउनुपर्ने मध्यम मार्ग, चार आर्य सत्यअन्तर्गत आठ किसिमको दुख तथा संक्षेपमा पञ्चोपादान स्कन्ध नै दुख भनीकन बताइएको दुख सत्य, त्यसपछि काम तृष्णा, भव तृष्णा तथा विभव तृष्णाको रुपमा तृष्णा नै दुखको प्रमुख कारण भनी बताइएको दुख निरोध गामिनि प्रतिपदा आर्यसत्य पनि एक-एक गरी व्याख्या गरिएको छ। यो बुझ्ने प्रयास पाठकले गरेमा कविको मेहेनत साकार हुनेछ।

बुद्ध धर्महेतु फलवादी धर्म हो। वैज्ञानिक भाषामा 'कज एन्ड इफेक्ट'को तथ्य बौद्ध दर्शनसँग मिल्छ। सुप्रशिद्ध बैज्ञानिक अल्बर्ट आइन्स्टाइनले भनेका छन् -'आजको युगमा आधुनिक विज्ञानसँग मिल्ने कुनै धर्म छ भने त्यो हो बुद्धधर्म।' उस्तै ठूला दार्शनिक बरट्रान्ड रुसेलले भनेका छन्- 'यदि कसैले मलाई कुनै धर्म मान्न विवश गरेमा म बुद्धधर्म मात्रै मान्छु।' हेतु-फलको छोटो एउटा गाथा भिक्षु अश्वजितबाट सुनेर नै भिक्षु सारिपुत्रले (उपतिस्स ब्राह्मण पहिले) ज्ञान पाएका थिए जो पछि बुद्धका अग्रश्रावक

आचार्य बुद्धघोषले अभिधर्म सम्बन्धमा उत्पन्न समस्याको समाधान यसरी गर्नुभएको छ । प्रश्न हो- यो अभिधर्म के बाट प्रभावित छ ? यो कहा परिपक्क भएको हो ? यसलाई कहा प्राप्त गरियो ? यसलाई कहिले प्राप्त गरियो ? कसले प्राप्त गरेको ? यसको खोजी कार्य कहा भएको हो ? खोजी कार्य कहिले भयो ? कसले खोजी गरेको ? यसको उपदेश कहा भयो ? कसलाई उपदेश गर्नुभएको ? के लाभका लागि उपदेश गर्नुभएको ? यसलाई कसले गृहण गर्छ ? कसले यसलाई शिक्षाको रुपमा लिनेछ ? यसबाट को शिक्षित हुनेछ ? कसले यसलाई धारण गर्नेछ ? यो कसको बचन हो ? यसलाई (हामी सामु) ल्याउने काम कसले गरेको ?

माथि उल्लेखित समस्या (प्रश्न) को समाधान यसरी गरिएका छन बोधिको महत्व बुझ्ने श्रद्धाबाट यो प्रभावित छ । ५५० जातकमा यो परिपक्क भएको छ । बोधिवृक्षको मूल ( फेद) मा यसलाई प्राप्त गरिउको हो । वैशाख पूर्णिमाको रात यसलाई प्राप्त गरिएको हो । सर्वज्ञ बुद्धले (यसलाई) प्राप्त गरिएको । बोधि मण्डपमा यसको खोजी कार्य गरिएको । रत्न गृहमा बिताउनु भएको सप्ताहमा खोजीकार्य भएको । सर्वज्ञ बुद्धले खोजी कार्य गर्नुभएको । त्रायस्त्रिंश देवभूमिमा प्रथम देशना गर्नुभएको । देवताहरुलाई देशना गर्नु भएको । चार ओघबाट मुक्तिका लागि उपदेश गर्नु भएको । शैक्ष र कल्याण पृथकजनले यसलाई शिक्षाको रुपमा ग्रहण गर्नेछन । क्षिणाश्रवी अर्हत् यसबाट शिक्षित हुनेछ । जो संग यसलाई ग्रहण गर्ने योग्यता छ त्यसले यसलाई धारण गर्नेछ । यो अर्हत् भगवान् सम्यक सम्बुद्धको वचन हो । आचार्य परम्पराबाट यसलाई हामी सामु ल्याउने काम भएको हो ।

दुतिय संगायनसम्म निर्विवाद रुपमा अगाडि बढी रहेको यो पछि गएर विवादको विषय बन्न पुग्यो । एकथरी यसलाई बुद्ध वचन होइन भन्न थाले । यसको प्रतिवादमा अर्को समुहले यो बुद्ध वचन नै भएको दाबी गरे ।

**धर्मको विस्तारित रुप- अभिधर्म :**

कुनैपनि देशको संविधान निर्माण गर्दाको समय निश्चित धारा, उपधारा, परिच्छेद, अध्यायको व्यवस्था गर्दछ । कालक्रममा अन्य खण्डहरु पनि त्यसमा संलग्न गरिने काम हुन्छ । आवश्यकता अनुरुप संशोधन गर्नेछ । अध्यादेशको रुपमा नियम निर्माण गरी जोडिएका र अन्य सबैलाई पहिलेका मूल रुप कै महत्व दिएर सकार गरी व्यवहारमा लागू गरिन्छ । त्यसो गर्ने कार्यलाई अनुचित भनिदैन । सोहि अनुरुप तथागत बुद्धले धर्मको रुपमा व्यक्त गर्नुभएका उपदेशलाई काल-क्रममा व्याख्या विस्तार गर्ने काम भएकै छैन भन्नु सत्य अनुरुप हुनेछैन । मूल उपदेशको भाव अनुरुपभएका व्याख्या-विस्तार गरिएकोलाई शंकाको आखाले हेर्नु उपयुक्त हुदैन । अभिधर्मलाई तथागत बुद्ध स्वयंद्वारा उपदेशित धर्मको विस्तारित रुप अनुसार ग्रहण गर्ने व्यक्तिले यो पाउनेछ कि सूत्रमा बताइएका उपदेशको भावलाई बुझ्न यसले अझ बढी योगदान दिएको छ ।


*सुखवती बौद्ध गुम्बाद्वारा* २०६५ श्रावण ३ गते
आयोजित २५ औं पोखरा उपत्यकाव्यापी
***बुद्ध पूजा***को पूर्ण सफलताको कामना



कर्म दुबक्युड छोयखोर्लिंग
मनाङ्ग गुम्बा
माटेपानी, पोखरा



# हार्दिक शुभकामना

२५औं पोखरा उपत्यकाव्यापी बुद्ध पूजा
तथा धर्मचक्र प्रवर्तन दिवसको "शुभ अवसरमा"
सम्पूर्ण मानव जगतमा सुख शान्ति सम्बृद्धि र सद्भभाव, सद्धचरित्र र
सद्विचार सदैव संम्प्रेषण भई रहोस्
**यहि हाम्रो शुभ कामना !**

सचिव
*उत्तममान बुद्धाचार्य*
बुद्ध जयन्ती समारोह समिति
कास्की, पोखरा



अध्यक्ष
***हरिध्वज तुलाचन***
बुद्ध जयन्ती समारोह समिति
कास्की, पोखरा

# शुभकामना

**आषाढ पूर्णिमा "धर्मचक्र प्रवर्तन"**
दिवसको पुनित अवसरमा
सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति र समृद्धिको कामना सहित सुखवती
बौद्ध गुम्बा, पोखरा-१ द्वारा आयोजित २० औं
पोखरा उपत्यकाव्यापी बुद्ध पूजा तथा धर्मचक्र प्रवर्तन दिवसको
सफलताका लागि **हार्दिक कामना** गर्दछौं।



***वीर बहादुर गुरुङ***
अध्यक्ष तथा
**बौद्ध अर्घौ सदन परिवार**
गौतम बुद्ध मार्ग, पोखरा-१०





Wondershare PDFelement

